# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.) रौतहट

मधेश प्रदेश, नेपाल ।

---

मिति २०८०/०२/१०

**आ.व. २०७८/०७९ मा स्थापना भएको धान वाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम सम्बन्धि सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०२/१०)

चालु आ.व. २०७९/०८० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत फतुवा बिजयपुर नगरपालिका मा आ.व. २०७८/०७९ मा स्थापना भएको धान वाली पकेट विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह , कृषि सहकारी सस्था /जल/वन उपभोक्ता समिति ,कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ( २०८०/०२/२४) फतुवा विजयपुर नगरपालिका कार्यालयको कार्यालयले तोकिएको ढाँचा (अनुसूचि १०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धि सबै मा जानकारी गरिन्छ । पकेट संचालनको लागी जम्मा २० हेक्टर क्षेत्रफल भएको चक्ला मिलेको जमिन आवस्यक पर्ने समेत जानकारी गरिन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. अनुसूची १० अनुसार को ढाँचा मा निवेदन रु.१० को टिकट सहित

२. कृषक समुह ,सस्था ,फर्म तथा जल सहकारी ,वन उ.स. को सम्बन्धित निकायहरुमा नबिकरण भएको कर चुक्ता ,लेखा परिक्षण प्रतिवेदन प्रमाणपत्रको प्रतिलिपि ।

३. पकेट कार्यक्रम संचालन हने स्थान ( जमिन ) को स्वमित्व खुल्ने लाल पुर्जा को प्रतिलिपि ।

४. निवेदकको नागरिकता को प्रतिलिपि ।

५. सम्बन्धित संस्था , समुहको निर्णय प्रतिलिपि ।

६. समूह/संस्था,फर्मको पान न. को प्रतिलिपि ।

७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

८. नेपाल सरकार बाट सूचिकृत धानको विउ नै लगाउनु पर्ने छ ।

२०८०।२।१०

शम्भु कुमार यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## अनुसूची १०

(परिच्छेद ४ को ४.१.९.१ (ख) ,४.२.९.१(ख),४.३.११(ख) र ४.४.११(ख) सँग सम्वन्धित)

अनुदानका लागि आवेदन फारम

मिति :- ........................

श्रीमान कार्यालय प्रमुख ज्यू ,

फतुवा विजयपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.) रौतहट

विषय :- आ.व. २०७८/०७९ मा स्थापना भएको धानवली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रममा सहभागि हुन पाउँ ।

प्रस्तुत विषयमा यस फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनिया (दो.) रौतहट बाट मिति :-........................मा प्रकाशित आ.व. २०७८/०७९ मा स्थापना भएको धानवली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम सम्वन्धि सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समुह /सहकारी /जल/वन उपभोक्ता समिति/कृषि फर्मका सदस्यहरुले आ.व. २०७८/०७९ मा स्थापना भएको धानवली पकेट विकास कार्यक्रमको निरन्तरता संचालन गर्न इच्छुक भएकोले सहभागी गरिदिनुहुन यो निवेदन पेश गरेका छु/छौं ।

| क्र.स. | कृषकको नाम | ठेगाना | बाबु/पतिको नाम | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक

CamScanner